दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ३४२ | बुटवल | २०८२ पौष ०७ गते, सोमबार | नेपाल संवत ११४६ | Monday December 22, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# १७ वर्षीय युवाको मृत्युको घटनामा संलग्नलाई पक्राउको माग गर्दै प्रहरी कार्यालय घेराउ






कञ्चन । रूपन्देहीको कञ्चन गाउँपालिका-३ धौलागिरी चोकका १७ वर्षीय ईशान शर्मा पौडेलको शंकास्पद मृत्युको घटनामा संलग्नलाई पक्राउ गर्न माग गर्दै स्थानीयले इलाका प्रहरी कार्यालय रुद्रपुर घेराउ गरेका छन् ।

शर्माको शव तीन दिनअघि घर नजिकै नालीमा भेटिएको थियो ।

प्रहरीले घटनाको अनुसन्धानमा तदारुकता नदेखाएको र घटनामा संलग्न भएकाहरू पत्ता लगाउन नसकेको भन्दै टोल विकास संस्था, आमा समूहलगायतले प्रहरीलाई दबाब दिन इलाका प्रहरी कार्यालय रुद्रपुर घेराउ गरेका हुन् । तीन हजारभन्दा बढीको संख्यामा उपस्थित स्थानीयहरू स्वःस्फुर्त रूपमा इलाका प्रहरी कार्यालय घेराउ गर्न पुगेको मृतक ईशानका बुबा पुष्पराज शर्माले बताए ।

पोष्टमार्टममा टाउकोमा भएको चोटको कारण रगत बग्दा ज्यान गएको पुष्टि भएको चिकित्सकले बताएको उनले जनाए ।

यता प्रहरीले भने अनुसन्धान जारी रहेको बताउँदै आवश्यक सहयोग गर्न आग्रह गरेको छ ।

प्रहरीका अनुसार ईशान बुधबार साँझ ८ बजेदेखि सम्पर्कविहीन थिए । घरको डेढ सय मिटरमै रहेको नालीमा उनको शव फालिएको थियो । शव फेला पर्दा टाउकोको पछाडि भागमा चोट थियो । प्रहरीका अनुसार घटनास्थलमा भने रगत चुहिएको वा लतपतिएको केही देखिएको थिएन । घटना हुनुमा युवतीको विषयमा विवाद मुख्य कारण रहेको स्थानीयको दाबी रहे पनि परिवारजनले प्रष्टरुपमा मुख खोलेका छैनन् ।

*तस्विर : जगिलाल थापा/ दैनिक लुम्बिनी*

## चुनाव फागुन २१ मै : प्रधानमन्त्री



बुटवल । प्रधानमन्त्री सुशीला कार्कीले मुलुकमा शान्ति र स्थिरताका लागि प्रतिनिधि सभाको निर्वाचन तोकिएकै समयमा हुनुपर्ने बताएकी छिन् । प्रधानमन्त्री कार्कीले इलाम क्षेत्र नं. २ का निवर्तमान सांसद सुहाङ नेम्बाङ नेतृत्वको एक प्रतिनिधिमण्डलसँग सिंहदरबारमा भएको भेटमा यो सरकार चुनाव गराउनैका लागि आएकाले अब कुनै दुविधा नराखी चुनावको तयारी गर्न पनि आग्रह गरिन् ।

'जेन जी आन्दोलनले उत्पन्न असामान्य अवस्थामा शान्ति स्थापना र चुनाव गराउनकै लागि हामी आएका हौं । शान्ति स्थापना र कानुनको शासन बहालीमा सफलता मिलेको छ,' प्रधानमन्त्री कार्कीले भनिन्-'अबको हाम्रो लक्ष्य चुनाव गराउने हो । चुनाव भए मात्र मुलुकमा अब दिगो शान्ति र स्थायित्व सुनिश्चित हुन्छ ।'

नेम्बाङले प्रधानमन्त्री कार्कीलाई चुनाव गराउन सफलता मिलोस् भनेर शुभकामना पनि दिए । 'हाम्रो शुभेच्छा छ, शुभकामना छ,' उनले भने-'चुनाव गराउन सफल हुनुहोस् ।'

प्रधानमन्त्री कार्कीले नेम्वाङसँग चुनावमा उठ्ने तयारी के छ ? भनेर पनि जिज्ञासा राखेकी थिइन् । प्रतिक्रियामा नेम्वाङले चुनावको तयारी गरिरहेको बताएको उनको सचिवालयले जनाएको छ ।

प्रधानमन्त्री कार्कीले नेम्वाङलाई शुभकामना दिँदै अब युवा नै अघि सर्नुपर्ने धारणा राखिन् । 'चुनाव हुन्छ । तयारी अवस्थामा रहनू । तपाईंहरूजस्तो युवा आउनुपर्छ र देशको बागडोर सम्हाल्नुपर्छ । अनि मात्र देशमा केही न केही हुन्छ ।

बाँसको कलमले अक्षर लेख्न सिकेकाहरुले स्मार्टफोनसँगै जन्मिएकाहरूमाथि शासन गरेर हुँदैन,' प्रधानमन्त्री कार्कीले भनिन्, 'पुरानाको अनुभव र सल्लाह काम लाग्ला तर चालक सिटमा युवा नै आउनुपर्छ । देश युवाले नै हाँक्नुपर्छ । युवामा साहस हुन्छ, ऊर्जा हुन्छ । उसले साहसिक पाइला पनि चाल्न सक्छ ।'

नेम्वाङले इलाममा बाढीपहिरोका कारण क्षतिग्रस्ता राजमार्ग र पुल पुनःनिर्माणमा तदारुकता देखाउनुपर्ने भन्दै प्रधानमन्त्रीको ध्यानाकर्षण पनि गराए ।

प्रधानमन्त्री कार्कीले हालै भौतिक पूर्वाधारमन्त्री कुलमान घिसिङले स्थलगत अवलोकन निरीक्षण गरी फर्किएको र यस विषयमा सरकार गम्भीर रहेको जानकारी दिइन् ।

## सुशीला सरकारलाई अपदस्थ गर्नुपर्नेमा सबै एक ठाउँमा – ढुंगाना



बुटवल । जेनजी संयुक्त आन्दोलनले सुशीला कार्की सरकार विस्थापनको मागसहित सोमबारदेखि आन्दोलन सुरु गर्ने घोषणा गरेको छ । जेनजीको नाममा गठन भएको सरकार विस्थापन गर्ने मामिलामा आफूहरू एक ठाउँमा रहेको उनीहरूले बताएका छन् । आइतबार काठमाडौंमा पत्रकार सम्मेलनको आयोजना गरी जेनजी आन्दोलनले सरकारविरुद्ध निर्णायक आन्दोलन सुरु गर्न लागेको बताएको हो । पत्रकार सम्मेलनमा जेनजी अभियन्ता मिराज ढुंगानाले सुशीला कार्की सरकारको विस्थापन आफूहरूको एकसूत्रीय एजेन्डा भएको बताएका हुन् ।

'हामी यहाँ थुप्रै धारका मान्छे छौं, सबैको असन्तुष्टि र साझा निश्कर्ष- वर्तमान सरकारलाई अपदस्थ गर्न एकदम जरुरी भएको छ,' ढुंगानाले भने-'प्रधानमन्त्री सुशीला कार्कीले देशको हितको लागि केही पनि गर्नसक्नु भएन । त्यसैले उहाँको विस्थापन जरुरी भइसक्यो ।'

ढुंगानाले सर्वपक्षीय सरकार गठन गरेर जेनजी आन्दोलनका माग पूरा गर्नुपर्ने बताए । 'हामीले जेनजी विद्रोहीलगायत देशको हित सोंच्ने सबैलाई एक ठाउँमा ल्याएका छौं । त्यसैले भोलि सशक्त रूपमा संघर्षमा उत्रेर आन्दोलनलाई न्याय दिन्छौं,' ढुंगानाले भने-'बोल्ने धेरै बोल्यौ, काम भोलिदेखि देखिन्छ ।'

ढुंगानाले जेनजी आन्दोलनको बलमा बनेको सरकारले सय दिनमै औचित्य गुमाएकाले विकल्प खोज्नुपर्ने निष्कर्षमा पुगेको बताए ।

'सुशीला कार्की प्रधानमन्त्री खान मात्र आउनु भएको रहेछ, हामीलाई धोका भयो । सरकार औचित्यहीन बनिसकेको छ,' ढुंगानाले भने-'हामीले यो सरकारको विकल्प खोज्ने छौं, सर्वपक्षीय सरकार गठनका लागि दबाब दिन भोलि ११ बजेबाट हाम्रो शान्तिपूर्ण आन्दोलन सुरु हुन्छ ।'

# नारायणगढ-बुटवल सडक समयमा सम्पन्न गर्न मन्त्री घिसिङको निर्देशन



गौरीशंकर जयसवाल
परासी

उर्जा जलस्रोत तथा सिँचाइ भौतिक पूर्वाधार यातायात एंव शहरी विकास मन्त्री कुलमान घिसिङले नारायणगढ-बुटवाल सडकखण्ड समयमा निर्माण सम्पन्न गर्न निर्देशन दिएको बताएका छन् ।

आइतबार परासीमा नवलपरासी उद्योग वाणिज्य संघले आयोजना गरेको स्वागत तथा छलफल कार्यक्रममा बोल्दै नारायणगढ-बुटवाल सडकखण्ड समयमा निर्माण ढिलाइले जनताले सास्ती पाएकोले निर्माण सम्पन्न गर्न ठेकदार कम्पनीलाई निर्देशन दिएको बताएका हुन् । हुलाकी सडक र खाजुरा खोलामा रहेको निर्माणाधिन पुलको अनुगमन गरी छिटो सम्पन्न गर्न निर्देशन दिएको उनले बताए । उनले नवलपरासीमा औद्योगिक क्षेत्रको बिस्तारसँगै विद्युतीय आपूर्तिमा समस्या नहुने बताउँदै गण्डक पावर हाउस र ४२० केभी न्यू सबस्टेशन तथा भैरहवा सडक खण्ड हकुइमा १३२ केभी काम भैरहेको र सञ्चालनसँगै भारतीय बजारमा आयत निर्यात गर्न सहज हुने जनाए ।

नवलपरासी औद्योगिक हब भन्दै गएकोले विद्युत् आपूर्तिको कमी नहुने उनले बताए । नवलपरासीमा देखिएको सिँचाइको समस्या र किसानको समस्यालाई सामाधान गर्न पहल गर्ने बताउँदै उनले सरकारले यस किसिमको समस्या प्रथामिकता राखेको जनाए । 'झापामा भ्यू टावर बनाउने भन्दा किसानहरुका समस्या सामाधानतर्फ लागेको भए आज यो दिन देख्न पर्दैनथ्यो ।'-उनले भने ।

यसअघि सुस्ता झोलुड पुल कहवा क्षेत्रमा निमार्णधिन पुल र रामग्राम स्तुप दाउन्ने सडक खण्डको निरीक्षण घिसिङले गरेका थिए । कार्यक्रममा नवलपरासीका उद्योग वाणिज्य संघका अध्यक्ष ओमप्रकाश अग्रहरि, नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका पूर्व अध्यक्ष गुणनिधि तिवारी, लुम्बिनी प्रदेश सांसद बैजनाथ कलवार, रामग्राम नगरपालिकाका मेयर धनपत यादव, जिल्ला समन्वय समितिका प्रमुख भगौती यादव, नवलपरासी उद्योग वाणिज्य संघकी महासचिव तारा आर्चायलगायतले जिल्लाको समस्याको बारेमा मन्त्रीलाई अवगत गराएका थिए ।

# चुनाव बिथोल्ने प्रयासमा नलाग्न रविको चेतावनी



बुटवल । रास्वपा सभापति रवि लामिछानेले चुनाव बिथोल्ने प्रयासमा नलाग्न दलहरुलाई चेतावनी दिएका छन् । जेलबाट रिहा भएपछि काठमाडौंमा बोल्दै उनले जेनजी आन्दोलनका शहीदको माग पूरा गर्नुपर्नेदेखि तोकिएको समयमा निर्वाचन गर्नेसम्मका विषयमा सम्बोधन गरे ।

'यो बेलामा निर्वाचनमा जानुको विकल्प छैन । सँगै जेनजी पुस्ताले गरेको अपेक्षा पूरा गर्नुको विकल्प छैन । हामीले सरकारलाई भनेका छौं, जेनजीको माग पूरा गर्ने, सुशासन कायम गर्ने र निर्वाचन गराउने सन्दर्भमा सरकारले म एक्लै छु भन्नु पर्दैन, रास्वपा खडा भएको छ,' लामिछानेले भने-'यो हाम्रो कुनै स्वार्थ छैन ।

जुन उद्देश्यका लागि जेनजी भाइबहिनीले रगत बगाए त्यसको सपना पूरा गर्नैपर्छ । निर्वाचन बिथोल्नका लागि भागेका केही शक्ति आफैं घटना घटाउन पनि लागिरहेका छन् ।'

साथै, उनले विदेशमा रहेका नेपालीले मतदान गर्न पाउनुपर्ने र त्यसका लागि आफू र आफ्नो पार्टी लागिपर्ने पनि बताए ।

लामिछानेले आफूमाथि अन्याय भएको, आफ्नो सासमात्रै बाँकी रहेको, संसद् पुनर्स्थापनाको षड्यन्त्र भइरहेकोलगायतका विषय उठाए । उनले नेकपा एमालेप्रति इंगित गर्दै चुनाव बिथोल्ने प्रयासमा नलाग्न समेत चेतावनी दिएका छन् ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# निराशाका सय दिन

जेनजी आन्दोलन र विध्वंशको बलमा गठन भएको पूर्व प्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको सरकारका सय दिनले मुलुकमा आशा जगाउनेभन्दा निराशा बढाउने काम गरेका छन् । संवैधानिक दायरा बाहिरबाट गठन भएको सरकारले सुशासन दिने र चुनाव गराउने वाचा गरेको थियो । फागुन २१ गते चुनावको मिति तोकिएपछि बेलैमा चुनाव सम्पन्न गरी लिक बाहिर गएको मुलुकलाई संवैधानिक दायरामा ल्याउन राम्रो मौकाका रुपमा बुझेका दलहरु पनि यतिखेर संशकित हुन थालेका छन् ।

प्रधानमन्त्री कार्कीले फागुन २१ मै चुनाव भन्दै आएकी छिन्, तर त्यसका लागि आवश्यक संरचना तयार गर्न पटक्कै सरकारले ध्यान दिएको छैन । जेनजी आन्दोलन र विध्वंशमा निशानामा पर्नेमध्ये प्रहरी संगठन एक हो, जसका हतियार र पोशाक लुटिएका छन्, गाडी र प्रहरी चौकी भवन जले । योभन्दा बढी प्रहरीको मनोबल अकल्पनीय ढंगले गिरेको छ । गिरेको मनोबल उठाएर समाजमा सुरक्षाको प्रत्याभूति गर्नुपर्ने सरकारका गृहमन्त्री प्रहरीलाई झनै निराश बनाउँदै लगेका छन् । जेनजी आन्दोलनका क्रममा भएको तोडफोड र विध्वंशमा संलग्नलाई कारबाही गर्न प्रहरीलाई रोकेर गृहमन्त्रीले गैरजिम्मेवारी देखाए । प्रधानमन्त्री सुशीला कार्कीले शीर्ष दलका नेताप्रति कटु आलोचना गरेर सहकार्य र समन्वयको पहलकदमी लिइनन् । जेनजी आन्दोलनकारी पनि अहिले सरकारसँग असन्तुष्टि पोखिरहेका छन् । सरकारले नियुक्ति, सरुवा र बढुवामा नातावाद र कृपावादलाई व्यवहारमा देखाएपछि नागरिकको दिक्दारी बढ्दो छ । प्रधानमन्त्रीको सचिवालयमा भएको नियुक्तिमा प्रश्न उठेपछि त्यसको चित्तबुझ्दो जवाफ दिएर सुधार गर्नुको साटो कमजोरी स्वीकार गर्न प्रधानमन्त्रीले आलटाल गरिन् । सरकारको कानुनी सल्लाहकार महान्यायाधिवक्ताले आफन्त र परिवारका सदस्यमाथि लागेको संगीन आरोपसम्बन्धी मुद्दा अघि बढाउनुको साटो नचल्ने निर्णय गरिन् । आखिर यो सरकार किन र कसका लागि बनेको हो भन्ने प्रश्न उठ्नु अस्वभाविक भएन् ।

चुनाव आउनै लाग्दा मन्त्रिमण्डलको विस्तार जारी भएकाले पनि नागरिक आश्चर्यमा परेका छन् । राजदूतलाई चित्तबुझ्दो कारण विना फिर्ता बोलाउने निर्णय भयो । सर्वोच्च अदालतले रोक लगायो । त्यसपछि काठमाडौंमा हाजिर हुन भनियो । यो बेला वैदेशिक सम्बन्धमा धेरै ध्यान दिनुपर्नेमा राजदूतको फिर्ता गैरजिम्मेवार निर्णय हो भन्ने प्रधानमन्त्रीलाई अनुभूति नहुनु दुःखद छ । प्रधानमन्त्री कार्कीको विगत हक्की र निष्कलंक हो । मुलुकलाई सही लयमा लैजान्छिन् भन्ने विश्वासले पनि उनी र सरकारको आलोचना न्यून भएको हो । अब विश्वासको डोरी टुट्दै गएकाले अब सरकार विरोधको निशानामा पर्ने निश्चित छ । निराश समाज छिट्टै भड्किन्छ भन्ने मनोविज्ञानलाई बुझ्न नसक्नु प्रधानमन्त्री र मन्त्रीहरुको कमजोरी हो ।

मुलुकलाई लयमा लैजान राजनैतिक दलसँगको सहकार्य विना सम्भव छैन । सरकारले राजनैतिक दलसँग संवाद र सहकार्य बढाएर अघि बढ्दा समाजमा चुनावका निम्ति सकारात्मक मनोविज्ञान तयार हुनसक्छ ।

# सुदृढ लोकतन्त्रको अपरिहार्य मार्गचित्र



ललितकुमार यादव

दलहरूको संस्थागत सुधार, आन्तरिक लोकतन्त्रको सबलीकरण र आर्थिक पारदर्शिता नै सुदृढ लोकतन्त्रको अपरिहार्य मार्गचित्र हो । यो मार्गचित्रमा हिँड्न सके मात्र लोकतन्त्रको मियो दह्रिलो बन्छ र राष्ट्रले चाहेको स्थिर, सुशासित र समृद्ध नेपालको सपना साकार हुन सक्छ । अबको राजनीतिक बहस व्यक्तिकेन्द्रित झगडाबाट माथि उठेर विधि, नीति र संस्थागत सुधारमा केन्द्रित हुनैपर्छ ।

नेपाली राजनीतिक क्षितिजमा अहिले महाधिवेशनको मौसम छाएको छ । प्रमुख राजनीतिक शक्तिहरू आआफ्नो आन्तरिक नेतृत्व चयनमा जुटेका छन् । एमालेको महाधिवेशन जारी छ भने कांग्रेसको महाधिवशन यही महिनाको अन्त्यतिर हुँदैछ । महाधिवेशनको यो अवसरलाई पार्टी नेतृत्वका लागि चुनावी युद्धमैदान मात्र होइन, बरु यसलाई राष्ट्रिय राजनीतिको भविष्य कोर्ने एउटा महत्वपूर्ण बौद्धिक र वैचारिक अभ्यासको अवसरका रूपमा लिन अपरिहार्य छ ।

लोकतन्त्रको आधारस्तम्भ मानिने राजनीतिक दलहरू, जो निरंकुशताविरुद्धको संघर्षको मैदानमा अग्रणी मोर्चामा थिए, आज उनीहरू नै आन्तरिक असन्तुलन, अपारदर्शिता र स्वेच्छाचारिताका आरोपमा घेरिएका छन् । यस अवस्थामा, लोकतन्त्रलाई साँच्चै संस्थागत गर्न अब नेता मात्र फेर्ने होइन, दलीय प्रवृत्ति र संरचना नै फेर्ने आमूल सुधारको खाँचो छ । यो आलेख दलीय रूपान्तरणको अपरिहार्यता, संस्थागत सुधारका आयाम र आसन्न महाधिवेशनहरूले लिनुपर्ने ऐतिहासिक संकल्पको सेरोफेरोमा केन्द्रित छ ।

**राजनीतिक दलको अपरिहार्यता**

राजनीतिक दलहरूलाई अक्सर लोकतन्त्रको जीवनरेखा तथा मुहान भनिन्छ । लोकतन्त्रमा जनताको सार्वभौमसत्तालाई मूर्त रूप दिने, जनमतलाई नीतिमा रूपान्तरण गर्ने र सरकारलाई जवाफदेही बनाउने प्रमुख माध्यम दल नै हुन् । नेपालका सन्दर्भमा ००७ सालको क्रान्तिदेखि ०६२/६३ को जनआन्दोलनसम्मको यात्रा दलीय नेतृत्व र संगठनविना सम्भव थिएन । दलहरूको असफलता वा विफलताले सिधै राष्ट्रको राजनीतिक गति र स्थायित्वमा असर पार्छ ।

आज दलहरूमाथि जनताको व्यापक अविश्वास बढ्नुको मुख्य कारण के हो ? यसको मूल जरो दलीय प्रणालीमा विधिको शासन कमजोर हुँदै जानुमा निहित छ । नेतृत्वले विधिभन्दा व्यक्तिलाई, संस्थागत प्रणालीभन्दा गुटलाई र वैचारिक बहसभन्दा शक्ति-समीकरणलाई प्राथमिकता दिँदा दलीय प्रणाली आफ्नो मूल्यबाट स्खलित हुँदै गएको छ । यसैले, सुदृढ लोकतन्त्रको मार्गचित्र दलको आन्तरिक लोकतन्त्र सुदृढ गर्ने संकल्पबाटै कोरिनुपर्छ ।

**कार्यालयलाई 'थिंक ट्यांक' बनाउने संकल्प**

दलहरूलाई अब केवल निर्वाचनको समयमा सक्रिय हुने अस्थायी संगठनका रूपमा सीमित गर्नुहुँदैन । उनीहरूलाई वर्षैंभरि सक्रिय रहने, नीति विश्लेषण गर्ने र नयाँ विचार उत्पादन गर्ने व्यावसायिक संस्थाका रूपमा विकास गर्नुपर्छ ।

**सचिवालयको व्यावसायिकता र दक्ष मानव संसाधन**

दलहरूले आफ्नो केन्द्रीय कार्यालयलाई नेताको निजी सचिवालयबाट मुक्त गरी 'प्रोफेसनल सेक्रेटेरिएट'मा रूपान्तरण गर्नुपर्छ । पार्टी विधानमै प्रशासनिक कार्य, सञ्चार समन्वय, नीति अनुसन्धान र अभिलेख व्यवस्थापनका लागि पूर्णकालीन र दक्ष कर्मचारीको नियुक्ति अनिवार्य गरिनुपर्छ । ती कर्मचारीको नियुक्ति नेताको स्वार्थमा नभई योग्यता, अनुभव र पारदर्शी प्रक्रियाका आधारमा हुनुपर्छ । तथ्यांक विश्लेषक, आर्थिक विज्ञ र सञ्चार विशेषज्ञको स्थायी उपस्थिति गराउनु दलको वैचारिक उत्पादन क्षमता बढाउनु हो ।

**वैचारिक बहस र छाया मन्त्रिमण्डलको अभ्यास**

पार्टीभित्र नीति र सिद्धान्तमाथि खुला, स्वतन्त्र र स्वस्थ विमर्शको संस्कृति पुनर्स्थापित हुनुपर्छ । महाधिवेशनहरूलाई केवल चुनावको रंगमञ्च नबनाई नीति र विचारको उत्सव बनाउनुपर्छ । प्रतिपक्षी दलहरूले सरकारका कमजोरी औँल्याउनका लागि मात्र नभई सरकारमा रहँदाको वैकल्पिक नीति तयार पार्न छाया मन्त्रिमण्डल तथा समानान्तर मन्त्रिपरिषद्को अभ्यासलाई संस्थागत गर्नुपर्छ । यसले सरकारको कामकारबाहीलाई रचनात्मक रूपमा नियन्त्रण गर्नुका साथै भविष्यको नेतृत्वलाई पूर्वप्रशिक्षणसमेत दिन्छ ।

**आन्तरिक लोकतन्त्रको सबलीकरण**

दलीय रूपान्तरणको मुटु भनेको विधान संशोधन हो । पार्टी विधानमा गरिने कानुनी सुधार नै नेतालाई व्यक्तिपूजाबाट मुक्त गरी विधिप्रति जवाफदेही बनाउने अचुक उपाय हो ।

**नेतृत्वको कार्यकाल सीमा र उमेर हद**

राजनीतिमा अनुभवको महत्व रहे पनि नेतृत्वमा एउटै व्यक्तिको लामो एकाधिकारले नयाँ पुस्तालाई निरुत्साहित गर्छ । त्यसैले, पार्टी प्रमुखको पदमा बढीमा दुई कार्यकाल मात्र रहने र निश्चित उमेर हद (जस्तै- ६५ वा ७० वर्ष) तोक्ने व्यवस्था विधानमा अनिवार्य गरिनुपर्छ । यसले नेतृत्व हस्तान्तरणलाई सहज, प्राकृतिक र ऊर्जाशील बनाउँछ ।

**प्राइमरी इलेक्सनद्वारा उम्मेदवार छनोट**

आमनिर्वाचनका लागि टिकट बाँड्ने 'केन्द्रीय सिन्डिकेट' अन्त्य गर्नुपर्छ । आसन्न महाधिवेशनले उम्मेदवार चयनका लागि प्राथमिक निर्वाचन प्रणालीलाई विधानमा समेट्नुपर्छ । यसअन्तर्गत, सम्बन्धित निर्वाचन क्षेत्रका पार्टी सदस्यले गोप्य मतदानमार्फत् आ-आफ्ना दलका उम्मेदवार छान्छन् । यसले नेतृत्वलाई कार्यकर्ता र जनमतप्रति जवाफदेही बनाउँछ र पैसा तथा पहुँचका आधारमा टिकट वितरण हुने समस्या समाधान हुन्छ ।

**समावेशिताको ग्यारेन्टी**

संविधानले व्यवस्था गरेको समानुपातिक र समावेशी सिद्धान्तलाई पार्टीका सबै तहमा कडाइसाथ लागू गर्नुपर्छ । महिला, दलित, जनजाति, मधेशी, युवापुस्ता र अपांगता भएका व्यक्तिको सहभागितालाई केवल संख्यात्मक उपस्थितिमा सीमित नगरी निर्णायक समिति र पदाधिकारी पदमा सुनिश्चित गर्नुपर्छ । प्रतिनिधित्वको सही मापन र त्यसको कार्यान्वयन नगर्ने पदाधिकारीलाई दण्डित गर्ने व्यवस्था विधानमा स्पष्ट हुनुपर्छ ।

**आर्थिक सुशासन र पारदर्शिताको संकल्प**

राजनीतिक दललाई लाग्ने गरेको सबैभन्दा गम्भीर आरोप आर्थिक अपारदर्शिता र भ्रष्टाचार हो । यसले आमनागरिकमा लोकतन्त्रप्रति नै वितृष्णा पैदा गरेको छ ।

चन्दा संकलनमा बैंकिङ प्रणाली : दलहरूले संकलन गर्ने सम्पूर्ण चन्दा अनिवार्य रूपमा बैंकिङ प्रणालीमार्फत् मात्र लिने र दाताको नाम तथा चन्दाको स्रोत सार्वजनिक गर्ने व्यवस्था विधानमा गरिनुपर्छ । यसबाट कालो धनको राजनीतीकरण र शक्तिको दुरुपयोग नियन्त्रण हुन्छ ।

निर्वाचन आयोगको स्वमूल्यांकनलाई आत्मसात् : निर्वाचन आयोगले प्रस्ताव गरेको 'राजनीतिक दल स्वमूल्यांकन कार्यविधि, २०८२' दलहरूका लागि स्वनियमनको एउटा उत्कृष्ट उपकरण हो ।

दलहरूले यसलाई आयोगको हस्तक्षेपका रूपमा नलिई आफ्नो आन्तरिक सुधारको प्रतिबद्धताका रूपमा ग्रहण गर्नुपर्छ । दलहरूले स्वेच्छाले यस प्रणालीलाई अपनाएर आफ्नो आर्थिक, संगठनात्मक र लोकतान्त्रिक कार्यसम्पादनको लेखाजोखा आफैँले सार्वजनिक गर्नुपर्छ ।

**कार्यकर्ताको सम्मान र गुनासो सुनुवाइ संयन्त्र**

दलीय व्यवस्थामा कार्यकर्ताको त्याग र समर्पणलाई सम्मान गर्नु नेतृत्वको नैतिक दायित्व हो । नेतृत्वले विधानमा निम्न संयन्त्र समावेश गर्नुपर्छ :

**स्वतन्त्र आन्तरिक लोकपाल/गुनासो आयोग**

पार्टीभित्र हुने अनुशासनहीनता, अन्यायपूर्ण कारबाही, गुटबन्दीजन्य विभेद तथा कार्य र नेतृत्वमाथि लाग्ने आरोपहरूको निष्पक्ष छानबिन गर्न स्वतन्त्र 'आन्तरिक लोकपाल तथा गुनासो आयोग'को व्यवस्था गरिनुपर्छ । यसको प्रमुख पदमा पार्टीभित्र उच्च नैतिक धरातल भएका र न्यायिक सोच राख्ने व्यक्तिलाई नियुक्त गर्नुपर्छ ।

**भ्रातृ संगठनको नियमन**

भ्रातृ संगठनहरूलाई विद्यालय, कलेज वा सार्वजनिक निकायमा नभई पार्टीको विचार निर्माण र कार्यकर्ता परिचालनमा मात्र सीमित गराउनुपर्छ । सार्वजनिक सम्पत्तिमा हस्तक्षेप गर्ने भ्रातृ संगठनका नेता तथा कार्यकर्तालाई विधानतः कारबाही गर्ने व्यवस्था अनिवार्य गर्नुपर्छ ।

**चुनौती र महाधिवेशनको ऐतिहासिक जिम्मेवारी**

दलीय रूपान्तरणको यो मार्गचित्र सहज छैन । यसको कार्यान्वयनमा मुख्य चुनौती निम्न छन् :

१. नेतृत्वको प्रतिरोध : पुरानो शैलीमा शक्ति अभ्यास गरिरहेका नेतृत्व पंक्तिले शक्ति केन्द्रीकरणको सुविधा छाड्न नचाहनु ।

२. संगठनात्मक जडता : वर्षौंदेखि स्थापित संरचना र सञ्चालन शैलीमा अचानक परिवर्तन ल्याउन कठिन हुनु ।

३. कानुनी अलमल : स्वमूल्यांकनजस्ता प्रणालीमाथि राजनीतिक दलसम्बन्धी ऐनमा स्पष्ट कानुनी आधार नहुनु ।

महाधिवेशनहरू यस्ता ऐतिहासिक जिम्मेवारीबाट पन्छिन मिल्दैन । जनतामा लोकतन्त्रप्रति बढ्दो वितृष्णा, राजनीतिक दलमाथिको अविश्वास र मुलुकको आर्थिक-सामाजिक गतिरोधलाई चिर्न दलहरूलाई अब ढिलाइ गर्ने छुट छैन । महाधिवेशनको संकल्प अब 'नेता'लाई होइन, 'विधि'लाई जिताउने हुनुपर्छ ।

दलहरूको संस्थागत सुधार, आन्तरिक लोकतन्त्रको सबलीकरण र आर्थिक पारदर्शिता नै सुदृढ लोकतन्त्रको अपरिहार्य मार्गचित्र हो । यो मार्गचित्रमा हिँड्न सके मात्र लोकतन्त्रको मियो दह्रिलो बन्छ र राष्ट्रले चाहेको स्थिर, सुशासित र समृद्ध नेपालको सपना साकार हुन सक्छ । अबको राजनीतिक बहस व्यक्तिकेन्द्रित झगडाबाट माथि उठेर विधि, नीति र संस्थागत सुधारमा केन्द्रित हुनैपर्छ । नयाँ पत्रिकाबाट

# नेप्से परिसूचकमा १९ अङ्कको गिरावट



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा आइतबार दोहोरो अङ्कको गिरावट देखिएको छ । नेप्से परिसूचक १९ दशमलव ९२ अङ्कले घटेर दुई हजार ५९५ दशमलव १० को बिन्दुमा कायम भएको हो ।

३४५ कम्पनीको एक करोड १२ लाख ९९ हजार ३३४ कित्ता शेयर ७० हजार ५७६ पटक खरिद बिक्री हुँदा रु चार अर्ब ५२ करोड ८७ लाख १५ हजार ६७१ बराबरको कारोबार भनेको नेप्सेले जनाएको छ । कारोबारमा म्युचुअल फण्डबाहेक अरु सबै समूहको उपसूचक घटेको छ ।

एसवाई प्यानल नेपाल लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने सिन्धु विकाश बैंक लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

# जाडोमा कागती पानी पिउनुका फाइदा



जाडो मौसममा तातो पेय पदार्थ बढी रुचाइए पनि कागती पानी स्वास्थ्यका लागि एक सदावहार र प्रभावकारी विकल्प हो ।

कागतीमा हुने भिटामिन सी, एन्टिअक्सिडेन्ट र डिटोक्सिफाइङ गुणले चिसोमा पनि शरीरलाई धेरै फाइदा पुऱ्याउँछ ।

तर जाडोमा यसको सेवन गर्दा केही कुरामा ध्यान नदिए यसले फाइदाको सट्टा बेफाइदा पनि गर्न सक्छ । त्यसैले जाडोमा कागती पानी पिउनुअघि यसका सबल र दुर्बल पक्षबारे जानकारी हुनु आवश्यक छ ।

जाडोमा कागती पानी पिउनुका अनेकौँ फाइदा छन् । यसमा पाइने प्रचुर भिटामिन सीले रोग प्रतिरोधात्मक क्षमता बढाएर चिसोमा लाग्ने रुघाखोकी जस्ता संक्रमणबाट बचाउँछ ।

मनतातो पानीमा कागती मिसाएर पिउँदा शरीरका विषाक्त पदार्थ बाहिर निस्कन्छन् र मेटाबोलिजममा सुधार आउँछ ।

जाडोमा पाचन प्रणाली प्रायः सुस्त हुने भएकाले यसले ग्यास्ट्रिक, कब्जियत र पेट फुल्ने समस्या कम गर्न मद्दत गर्छ ।

बिहानै मनतातो कागती पानी पिउँदा बोसो डढाउन मद्दत पुग्ने भएकाले तौल नियन्त्रणमा पनि यो सहयोगी हुन्छ ।

साथै, चिसोले फुस्रो हुने छालालाई प्राकृतिक चमक दिन र शरीरमा पानीको मात्रा कम हुन नदिन पनि कागती पानी उपयोगी मानिन्छ ।

यद्यपि, जाडोमा कागती पानी पिउँदा केही सावधानी अपनाउनु जरुरी छ ।

धेरै चिसो पानीमा कागती मिसाएर पिउँदा घाँटी दुख्ने वा रुघा लाग्ने समस्या हुन सक्छ, त्यसैले सधैँ मनतातो पानी प्रयोग गर्नु उचित हुन्छ ।

कसैलाई खाली पेटमा कागती पानी पिउँदा एसिडिटी वा पेट पोल्ने समस्या हुन सक्छ ।

कागतीमा हुने अम्लीयपनले दाँतको बाहिरी तह (इनामेल) लाई कमजोर बनाउन सक्ने भएकाले स्ट्र प्रयोग गरेर पिउनु वा पिएपछि सादा पानीले मुख कुल्ला गर्नु राम्रो हुन्छ ।

धेरै मात्रामा यसको सेवनले शरीरको सन्तुलन बिगार्न सक्ने भएकाले ठिक्क मात्रामा मात्र पिउनु बुद्धिमानी हुन्छ ।

# हिमालयन रिम फिल्म प्रदर्शनी, चीन-नेपाल सहकार्यमा नयाँ अध्याय




लुम्बिनी । लुम्बिनी बौद्ध विश्वविद्यालय लुम्बिनीमा २०२५ को प्रथम हिमालयन रिम फिल्म प्रदर्शनी सम्पन्न भएको छ। आठ दिनसम्म चलेको उक्त प्रदर्शनीले चिनियाँ एनिमेटेड फिल्मलाई माध्यम बनाउँदै नेपालका तीन विश्वविद्यालयमा सांस्कृतिक आदान-प्रदान, आपसी सिकाइ र संवादलाई प्रवर्द्धन गरेको आयोजकले जनाएको छ।

त्रिभुवन विश्वविद्यालयबाट सुरु भएको प्रदर्शनीको उद्घाटन समारोहमा नेपाली चलचित्र तथा टेलिभिजन क्षेत्रका चर्चित व्यक्तित्वहरू प्रदीप खड्का, कविता शाही, बुद्धि तामाङ, केपी पाठक, विजय बराललगायतको उपस्थिति रहेको थियो। सहभागी कलाकार तथा स्रष्टाहरूले चीन-नेपालबिचको फिल्म तथा सांस्कृतिक सहकार्यलाई अझ सुदृढ बनाउने विश्वास व्यक्त गरे।

प्रदर्शनीमा न्यू गड्सः याङ जियान, ह्वाइट स्नेक र लेजन्ड्स अफ हेइ २ सहित तीन चर्चित एनिमेटेड फिचर फिल्म प्रदर्शन गरियो। साथै AIGC प्रविधिमा आधारित एनिमेटेड शृंखला द स्पिरिट अफ द माउन्टेन्स पनि प्रस्तुत गरिएको थियो। यी कृतिहरूले आधुनिक प्रविधि र परम्परागत चिनियाँ संस्कृतिको संयोजनमार्फत चिनियाँ एनिमेशन उद्योगको विकास र अन्तर्राष्ट्रिय प्रभावलाई उजागर गरेका थिए।

फिल्म प्रदर्शनसँगै 'प्रदर्शन अन्तरक्रिया' ढाँचामा कार्यक्रम सञ्चालन गरिएको थियो। प्रदर्शनअघि परिचयात्मक सत्र र प्रदर्शनपछि सर्जकहरूसँग प्रत्यक्ष अनलाइन संवादको व्यवस्था गरिएको थियो। यस क्रममा निर्माता याङ बिचेनलगायत उद्योग प्रतिनिधिहरूसँग नेपाली प्राध्यापक तथा विद्यार्थीहरूले एनिमेशन निर्माण प्रक्रिया र सृजनात्मक पृष्ठभूमिबारे छलफल गर्ने अवसर पाए।

आयोजकका अनुसार प्रदर्शनीले नेपाली शिक्षक तथा विद्यार्थीहरूलाई चिनियाँ एनिमेशन क्षेत्रमा भइरहेका नवीनतम प्राविधिक अभ्यासबारे प्रत्यक्ष जानकारी प्रदान गर्नुका साथै हिमालयन रिम क्षेत्रका फिल्म समुदायहरूबिच सहकार्यको सम्भावना विस्तार गरेको छ। यसले नेपाली चलचित्र उद्योगलाई आफ्नै सांस्कृतिक सन्दर्भअनुसार विकासका नयाँ बाटो खोज्न प्रेरणा मिलेको बताइएको छ।

फिल्मलाई सभ्यताबिचको सेतुका रूपमा प्रयोग गर्दै सम्पन्न प्रदर्शनी चीन-नेपाल सांस्कृतिक आदान-प्रदानको अन्त्य नभई नयाँ सुरुआत भएको आयोजकको निष्कर्ष छ। प्रदर्शनीपछिका छलफल र कार्यशालामार्फत् सृजनशीलता, संस्कृति र प्रविधिबिचको सम्बन्धलाई अझ गहिरो बनाउँदै भविष्यका अन्तरसांस्कृतिक सहकार्यका लागि बलियो आधार तयार भएको जनाइएको छ।

# श्री दर्शन बहुउद्देश्यीय सहकारीको वार्षिक साधारणसभा सम्पन्न




भैरहवा । श्री दर्शन बहुउदेश्यीय सहकारी संस्था लिमिटेड, सिद्धार्थनगर-१२, रुपन्देहीको २९औं वार्षिक साधारणसभा भैरहवामा एक कार्यक्रमका बिच सम्पन्न भएको छ। संस्थाका अध्यक्ष सीताराम उप्रेतीको अध्यक्षता तथा सहकारी विज्ञ चन्द्रकान्त भट्टराईको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रमका प्रमुख अतिथि चन्द्रकान्त भट्टराईले सहकारी संस्था सदस्यहरूको आर्थिक सशक्तिकरणको महत्वपूर्ण माध्यम भएको बताए। उनले सहकारीले पारदर्शिता, सुशासन र अनुशासनलाई प्राथमिकतामा राखेर अघि बढेमा दीगो विकास सम्भव हुने धारणा राखेका थिए। उत्पादनशील क्षेत्रमा लगानी बढाउन सके सहकारीले स्थानीय अर्थतन्त्रलाई मजबुत बनाउन सक्ने उनको भनाइ थियो।

यस्तै गरी कार्यक्रमका अध्यक्ष सीताराम उप्रेतीले संस्थाले स्थापना कालदेखि नै सदस्यको हितलाई केन्द्रमा राखेर काम गर्दै आएको बताए। उनले सदस्यहरूको विश्वासकै कारण संस्था आज २९औं वार्षिक साधारण सभासम्म आइपुगेको उल्लेख गर्दै आगामी दिनमा अझ सुरक्षित, प्रभावकारी र सदस्यमैत्री सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरे।

संस्थाका कानुनी सल्लाहकार लोकनाथ पन्थले स्वागत मन्तव्य दिँदै सहकारीलाई कानुनी दायराभित्र राख्दै अघि बढाउनु सबैको साझा जिम्मेवारी भएको जनाए। उनले नियम, कानुन र आन्तरिक अनुशासनले सहकारीलाई दीर्घकालीन बनाउनेमा जोड दिए।

कार्यक्रममा समाजसेवी विकास रायमाझीले सहकारी संस्थाले आर्थिक गतिविधिसँगै सामाजिक उत्तरदायित्व पनि वहन गर्नुपर्ने बताए। उनले सहकारीले स्थानीय समुदायको विकासमा खेलेको भूमिकाको प्रशंसा समेत गरेका थिए।

संस्थाको लेखा समितिका सदस्य लोकनाथ ज्ञवालीले लेखा समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थाको आर्थिक कारोबार पारदर्शी, नियमित र नियमानुसार रहेको जानकारी गराए।

त्यसैगरी कर्जा समिति संयोजक चुरामणी पन्थले संस्थाको कर्जा तथा लगानी प्रक्रियाबारे जानकारी गराउँदै आर्थिक वर्ष २०८१/८२ को प्रगति विवरण र २०८२/८३ का प्रस्तावित कार्यक्रमहरूबारे साधारण सभालाई अवगत गराए। उनले सुरक्षित लगानी र समयमै कर्जा असुलीमा संस्था सचेत रहेको समेत बताए। संस्थाका लेखा समिति संयोजक विष्णु न्यौपानेले कार्यक्रम सञ्चालन गरेका थिए।

कार्यक्रममा सहकारीका सञ्चालक समिति सदस्यहरू, लेखा समिति तथा कर्जा समिति सदस्यहरू, संस्थाका शेयर सदस्यहरू, कर्मचारीहरू, स्थानीय समाजसेवी, बुद्धिजीवी तथा विभिन्न क्षेत्रका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

# फोहोरलाई मोहरमा रूपान्तरण गर्दै भीरकोट

**प्रकाश डोटेल**

*स्याङ्जा*



फोहोरलाई श्रोतको रुपमा उपयोग गर्दै मोहरमा रुपान्तरण गरेर स्याङ्जाको भीरकोट नगरपालिकाले लाखौं रुपैयाँ राजस्व संकलन गरेको छ। नगरका प्रमुख बजार क्षेत्रमा संकलित फोहोर र कवाडीलाई मोहरमा रुपान्तरण गरेर नगरपालिकाले लाखौं रुपैयाँ राजस्व आर्जन गरेको हो।

आर्थिक वर्ष २०८१/०८२ मा नगरपालिकाले नगरका प्रमुख बजार क्षेत्र सरसफाइ, फोहोर व्यवस्थापन र पार्क सञ्चालनबाट कुल १६ लाख २० हजार ४१५ रुपैयाँ राजस्व संकलन गरेको छ। नगरपालिकाले फोहोर संकलन, व्यवस्थापन र बिक्रीसमेत गरी सरसफाइ शुल्क वापतमात्रै ७ लाख ८ हजार ३३० रुपैयाँ राजस्व संकलन गरेको जनाएको छ।

नगरपालिकाले पार्क प्रवेश शुल्क, वनभोजबाट तीन लाख १७ हजार ६७५ रुपैयाँ, कवाडी बिक्रीबापत ५ लाख ६६ हजार ८८० रुपैयाँ र अन्य विविध शुल्कबाट २७ हजार ५३० रुपैयाँ राजस्व उठाएको नगरप्रमुख गोविन्दकुमार कर्माचार्यले बताए। नगरपालिकाको पर्यटकीय क्षेत्र सुन्दरचौर पार्कबाट ५४ हजार ५० रुपैयाँ राजस्व उठाएको नगरप्रमुख कर्माचार्यले जनाए।

फोहोर व्यवस्थापनमार्फत् स्रोत सिर्जना हुन थालेपछि पछिल्लो समय भीरकोट नगरपालिका हरित अर्थतन्त्रको उदाहरण बन्दै गएको छ। फोहोर व्यवस्थापनसँगै पर्यटन संरचनाबाट राजस्व संकलन, व्यवस्थित प्रशासनिक प्रणाली र निजी क्षेत्रसँगको सहकार्यमा राजस्व वृद्धिमा नगरपालिकाले आन्तरिक छलफल र ध्यान केन्द्रित गरेको छ।

फोहोरबाट आम्दानी गरेको नगरपालिकाले पर्यटन क्षेत्रको सक्रियता बढाएर राजस्व संकलन गर्ने तयारी गरेको छ। राजस्व संकलनलाई विविधिकरण गरेको भीरकोटले 'हरित र पर्यटन' दुवै मोडेलमा देशभर उदाहरण बन्ने अपेक्षा गरेको छ। भीरकोटले हरित अर्थतन्त्रको ढोका खोलेको दाबी गर्दै पर्यटन क्षेत्रबाट पनि आम्दानी बढाउन सक्नेमा स्थानीय विश्वस्त छन्।

उता नगरपालिकाले पर्यटन सम्भावना बोकेको स्वरेक मैदानलगायतका क्षेत्रबाट अपेक्षित आम्दानी गर्न भने सकेको छैन। पोखरापछिको वैकल्पिक प्याराग्लाइडिङ एयरस्पोर्ट्सका रुपमा परिचित भीरकोट नगरपालिका-५ स्वरेक मैदानबाट राजस्व शीर्षकमा रकम उठ्न नसकेको नगरपालिकाका योजना शाखा प्रमुख यामप्रसाद रेग्मीले बताए।

२०७५ सालमै प्याराग्लाइडिङ्ग प्रतियोगिताको विश्वकप आयोजना भएको स्वरेक मैदानमै दक्षिण एसियाकै पहिलो प्याराग्लाइडिङ स्कुल सञ्चालनमा छ। पर्यटकीय क्षेत्र स्वरेक मैदानमा संघ, प्रदेश र स्थानीय तहले ठूलो रकम लगानी गरेका छन्। मैदान आसपासमा तारबार, पदमार्ग, साइक्लिङ ट्र्याक, पर्यटन सूचना केन्द्र, शौचालय र वनभोजस्थल निर्माण गरेको क्षेत्रबाट आम्दानी लिन र विस्तार गर्न नसकेको नगरपालिकाले जनाएको छ।

# होटलरेष्टुराँ सञ्चालकलाई आतिथ्यता तालिम

पाल्पा । पाल्पाको तानसेनमा साना होटल, रेष्टुरेण्ट तथा लज सञ्चालनकर्ताका लागि ७ दिने आतिथ्यता तालिम सुरु भएको छ। पर्यटन व्यवसायलाई दिगो रुपमा प्रवर्द्धन गर्ने उद्देश्यसहित सञ्चालन गरिएको तालिममा साना होटल, रेष्टुरेण्ट तथा लज सञ्चालन गर्दै आएका ५० भन्दा बढी युवाहरूको सहभागिता रहेको छ।

तानसेन नगरपालिकाको आयोजना, पाल्पा होटल तथा रेष्टुरेण्ट व्यवसायी संघ पाल्पाको समन्वय तथा नेपाल पर्यटन बोर्ड र दिगो पर्यटन परियोजना काठमाडौंको सहकार्यमा तालिम सञ्चालन गरिएको हो। तालिममार्फत् सेवा गुणस्तर अभिवृद्धि, पाहुना सत्कार, व्यवसाय व्यवस्थापन तथा स्थानीय पर्यटन प्रवर्द्धनमा दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य राखिएको छ।

तालिम उद्घाटन कार्यक्रममा तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले पर्यटन विकासका लागि दक्ष जनशक्ति अपरिहार्य रहेको उल्लेख गर्दै यस्ता तालिमले स्थानीय व्यवसायलाई प्रतिस्पर्धी बनाउन सहयोग पुग्ने बताए।

उप-प्रमुख प्रतिक्षा गाहा सिंजालीले युवालाई स्वरोजगार र आत्मनिर्भर बनाउने अभियानमा नगरपालिकाले निरन्तर सहकार्य गर्दै आएको बताइन्।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत चेतनाथ गिरी, तानसेन पर्यटन समितिका संयोजक सागरमान महर्जन, पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराई, नेपाल पत्रकार महासंघ पाल्पाका उपाध्यक्ष मुक्ति न्यौपानेलगायतले तालिमले तानसेनलाई आकर्षक पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्ने बताए।

पाल्पा होटल तथा रेष्टुरेण्ट व्यवसायी संघ पाल्पाका अध्यक्ष लक्ष्मण बस्यालको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा तानसेन नगरपालिकाका वरिष्ठ कार्यक्रम अधिकृत दुर्गा थापाको स्वागत संघका सचिव जयराम सापकोटाले कार्यक्रम सञ्चालन गरेका थिए। तालिममा धिरेन राकेश मगर, चिरन ढुङ्गाना र हरि गिरीले प्रशिक्षकको रूपमा प्रशिक्षणको सहजीकरण गरेका छन्।

**चुनाव...**

मैले थाहा पाएको छु, संसद् पुनर्स्थापनाको लागि मानिसहरू दौडधुप गर्न थाले रे ! कुन संसद् पुनर्स्थापनाको कुरा गरेको ? दुई तिहाइको दम्भ राखेर नेपाली जनतालाई बेच्ने संसद् फेरि ब्युँताउन खोज्नुभएको,' लामिछानेले भने-'जनताका मुद्दा बोल्दाबोल्दै माइक काट्ने संसद् फेरि ब्युँताउन खोज्नुभएको ? भ्रष्टाचारका काण्डमा छानबिन गर भनेर आवाज उठाउँदा छानबिन हैन संख्याको बलमा सामसुम पार्न खोज्ने संसद् ब्युँताउन खोज्नुभएको ?'

लामिछानेले पूर्ववर्ती प्रधानमन्त्री केपी ओलीको नेतृत्वको सरकारले जेनजी आन्दोलनमा कलिला युवाको हत्या भएको उल्लेख गर्दै आक्रोश पोखे। 'यिनीहरूले कलिला केटाकेटीको रगत पिएका छन्। यसलाई हामी बिर्सन सक्दैनौं।

यिनीहरूले ठूला कुरा गर्नु ठिक हुँदैन। संयन्त्र, सरकार, मन्त्री, प्रधानमन्त्री को-को थिए ? उच्चस्तरीय संयन्त्र बनाएर त्यसलाई सघाउने को-को थिए ? तिनीहरू सबैको अनुहारमा केटाकेटीको रगतको छिटा परेको छ। खबरदार। षड्यन्त्रको श्रृंखला अब बन्द गर्नुहोला। धेरै आँखा नचम्काउनुहोला।'-लामिछानेले भने।

रवि लामिछाने राष्ट्रिय स्वतन्त्र पार्टीको सभापतिकै हैसियतमा फर्किएका छन्। सहकारी ठगी प्रकरणमा कारागार पुगेका उनी शुक्रबार रिहा भएका थिए। त्यसपछि आइतबार बसेको केन्द्रीय समिति बैठकमा उनी सभापतिकै रुपमा क्रियाशील भएका हुन्। बैठक उनकै अध्यक्षतामा बसेको छ।

जेल चलान भएपछि रविले उपसभापति डोलप्रसाद अर्याललाई कार्यवाहक सभापतिको जिम्मेवारी दिएका थिए। त्यसअघि लामिछानेलाई वनस्थलीमा रहेको पार्टी कार्यालयमा नेता कार्यकर्ताले बाजागाजासहित स्वागत गरेका थिए। जेलबाहिर आएपछि केन्द्रीय कार्यालय पुगेका लामिछानेले सम्बोधन पनि गरे।


## तिलोत्तमा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कुञ्जलापुर, मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना।

**प्रकाशित मितिः २०८२।०९।०७**

यस तिलोत्तमा नगरपालिकाको चालु आ.व. २०८२/८३ को स्वीकृत कार्यक्रम अनुसार यस कार्यालय बाट तपशिलको कार्य गर्नको लागि मिति २०८२-०५-२४ मा प्रकाशित विद्युतीय बोलपत्र आह्वानको सूचना अनुसार निम्न कार्यको लागि पेश भएका बोलपत्र/दरभाउ पत्र मध्येबाट यस कार्यालयको मूल्याङ्कन समितिको विभिन्न मितिमा बसेको बैठकको निर्णय अनुसार न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको तपशिलको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं | ठेक्का नं | छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | कार्यको विवरण र स्थान | कवोल रकम मू.अ.कर समेत रु. |
|---|---|---|---|---|
| १ | NCB/TM/G/ ०३-०८२-०८३ | एन्जल टच हाईजिन म्यानुफ्याक्चरीङ प्रा.लि., ललितपुर ,नेपाल | सेनेटरी प्याड खरिद तथा डेलीभरि कार्य | २७५१४७९.९ |



**Lumbini Provincial Government**
**Ministry of Energy Water Resources and Irrigation**
**Groundwater Resources and Irrigation Development Division Office,**
**Rupandehi, Nepal**

## Invitation for Price Bid Opening

(Date of Publication: 2082/09/07)

This is to notify all the bidders who have submitted Technical and Price Bid for the following contract as per following notice. Of all the received Technical and Price Bids, the Technical Bids of following Bidders succeeded qualification criteria and found to be substantially responsive. So, in accordance with the rule 31-Ja (5) of Public Procurement Regulations, 2064: following bidders are invited in Price Bid Opening at 11:30 AM of 2082/09/14 at Groundwater Resources and Irrigation Development Division Ofiice, Rupandehi, Nepal.

| Contract No | Description of Works | Substantially Responsive Bidders in Technical Bid Evaluation |
|---|---|---|
| GWRIDD/ DTWREHAB/ NCB/01/2082-83 | Rehabilitation works of Deep Tubewell Irrigation distribution system at various locations of Bardaghat- 12 & 13, Pratappur-1, Nawalparasi | 1. M/S Jayshree-G.M. JV, Dhangadi, Kailali<br>2.M/S Seti Mahakali Drilling and Construction Pvt. Ltd. Kanchanpur<br>3.M/S SNS-LCB-MCS JV, Ramgram Nawalparasi |

## Notice for the Letter of Intent

(Date of Publication: 2082/09/07)

Pursuant to Sub Clauses 27.2 of Public Procurement Act 2063, this is to notify all the bidders who submitted their bids for contract identification number mentioned below as per the invitation for bids published in "Mechikali National Daily" on 11 Kartik 2082 that the following listed lowest evaluated substantially responsive bidder has been selected to award the contract.

| Contract No | Description of Works | Name of Selected Bidders | Bid Price NRs. (with VAT& PS) |
|---|---|---|---|
| GWRIDD/ DTWREHAB/ NCB/02/2082-83 | Construction of 10"/6" dia Deep Tube-well including well development and Pump Test at Bardhaghat-12 Nawalparasi (Bardhaghat Susta West). | Evergreen Drilling and Construction Pvt Ltd, Butwal Rupandehi. | 2096718.32 |

Division Chief



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**एनपिएल बिजेताको विजयोत्सवः**
नेपाल प्रिमियर लिग (एनपीएल) सिजन-२ को उपाधि जितेको लुम्बिनी लायन्सको खुशीमा आइतबार ट्रफीलाई लुम्बिनी प्रदेशको राजधानी दाङको सदरमुकाम घोराहीमा प्रदर्शनी गरेर बजार परिक्रमा गराउँदै स्थानीय खेलप्रेमी । तस्विरः कुलदीप न्यौपाने/रासस

# न्यानो लुगा वितरण

बुटवल । गौतमबुद्ध मानवसेवा केन्द्रको अस्थायी कार्यालय उद्घाटनसँगै न्यानो लुगा वितरण तथा खाना खुवाउने मानवीय सेवा बुटवलमा सम्पन्न भएको छ ।

तदर्थ समितिका उपाध्यक्ष ओम पौडेलको सभापतित्व तथा कार्यसमिति सदस्य वसन्त ज्ञवालीको स्वागत मन्तव्यमा कार्यक्रम भएको थियो ।

सेवा केन्द्रको उद्घाटन सेवा केन्द्रका परिकल्पनाकार तथा अध्यक्ष विक्रम तिवारीकी आमा तथा प्रमुख आतिथ्यता डा. बुद्धि शर्माले गरेका थिए। डा. शर्माले मानवसेवामा समर्पित कार्यहरूले समाजमा सकारात्मक परिवर्तन ल्याउने बताए ।

कार्यक्रमअन्तर्गत ४०० जना विपन्न तथा असहाय व्यक्तिहरूलाई निःशुल्क खाना खुवाइएको थियो भने जाडो मौसमलाई मध्यनजर गर्दै न्यानो लुगा वितरण गरिएको थियो । साथै, ५० वटा बिस्तारा पनि आवश्यकता भएका व्यक्तिहरूलाई प्रदान गरिएको सेवा केन्द्रले जनाएको छ । सेवा केन्द्रका अध्यक्ष विक्रम तिवारीले केन्द्रको अवधारणा, उद्देश्य र आगामी योजनाबारे जानकारी गराउँदै सहयोगी हातहरूलाई एकजुट हुन आग्रह गरे ।

# पर्यावरण संरक्षणमा सबैले चासो बढाउन सुझाव



बुटवल । पर्यावरण संरक्षणको विषय अहिले विश्वव्यापी साझा सरोकारको विषय बनेको छ । जलवायु परिवर्तन, वायु तथा जल प्रदूषण, वन विनाश, जैविक विविधताको ह्रास र प्राकृतिक स्रोतको अन्धाधुन्ध दोहनले मानव अस्तित्वमै चुनौती थपिरहेको छ । यस्तो अवस्थामा वातावरण जोगाउने जिम्मेवारी कुनै एक निकाय वा वर्गको मात्र होइन, राज्यदेखि आम नागरिकसम्म सबैको साझा दायित्व बनाउने विषयमा वातावरण संरक्षण समाजले बहस मात्रै थालेको छैन, सरोकारवाला निकायलाई आफ्नो प्रतिबद्धता गराउन लगाएको छ ।

बुटवलमा समाजले आयोजना गरेका कार्यक्रममा अध्येता विजय हितानले पर्यावरण संरक्षणमा सबैभन्दा महत्वपूर्ण भूमिका राज्यको हुने बताउँदै संविधान र कानुनमार्फत् वातावरण संरक्षणलाई मौलिक हकका रूपमा सुनिश्चित गर्नु, नीति तथा कार्यक्रममार्फत् दीर्घकालीन योजना बनाउनु र त्यसको प्रभावकारी कार्यान्वयन गर्नु सरकारको जिम्मेवारी रहेको जनाए। 'वन, पानी, भूमि, खानी तथा जैविक विविधताको संरक्षणका लागि स्पष्ट नीति, कडा अनुगमन र दण्ड-जरिवानाको व्यवस्था बिना वातावरणीय समस्या समाधान सम्भव हुँदैन । विकास निर्माणका नाममा वातावरणीय प्रभाव मूल्यांकन (इआइए)लाई बेवास्ता गर्नुले दीर्घकालमा ठूलो क्षति पुऱ्याउने भएकाले सरकारको भूमिका अझ जिम्मेवार र संवेदनशील हुन आवश्यक छ ।'-उनले भनेका छन् ।

लुम्बिनी प्रदेशका पूर्वमन्त्री तथा प्रदेश सांसद भोजप्रसाद श्रेष्ठले सबैको समन्वयमा पर्यावरणीय संरक्षणको अभियान चलाउनुपर्ने र हरेक नागरिकलाई यसबारे सचेत बनाउनुपर्ने जनाएका छन् ।

'तीनै तहका सरकारको भूमिका उत्तिकै महत्वपूर्ण छ, कानुन संरचना निर्माण र कार्यान्वयनका हिसाबले, संघीय संरचनामा वातावरण संरक्षणको धेरै जिम्मेवारी स्थानीय सरकारको काँधमा छ।

फोहोर व्यवस्थापन, नदी तथा खोलाको संरक्षण, अवैध उत्खनन् नियन्त्रण, हरियाली प्रवर्द्धन र स्थानीय समुदायलाई सचेत बनाउने काम स्थानीय तहबाटै प्रभावकारी रूपमा गर्न सकिन्छ। विकास र संरक्षणबिच सन्तुलन मिलाउने काम स्थानीय नेतृत्वको समझदारी र इच्छाशक्तिमा निर्भर हुन्छ । प्रदेशले त्यसको समन्वय, नियमनका लागि तयार छ केही कानुन बनेका छन् केही बन्ने क्रममा छन् ।'-उनले भने ।

कार्यक्रममा पर्यावरणीय संरक्षणको अभियानमा लागेका दलबहादुर गुरुङ, मणिमुकुन्द सेन उद्यानका महासचिव युवराज घिमिरे, नेपाल उद्यान महासंघका अध्यक्ष खेम लुइँटेल, डिजिएम नेपालका प्रदेश संयोजक कविता तामाङ, पर्यावरणीय संरक्षणमा लामो समयदेखि कलम चलाउँदै आएका नेपाल पत्रकार महासंघ रुपन्देहीका पूर्वअध्यक्ष शेरबहादुर केसी, पत्रकार महासंघ लुम्बिनीका उपाध्यक्ष रामप्रसाद आचार्यलगायतले सबै क्षेत्रका नागरिकको प्रयासमा मात्रै यसलाई जोगाउन सकिने जनाएका थिए ।

उनीहरुले निजी क्षेत्रको भूमिका पनि वातावरण संरक्षणमा निर्णायक बन्दै गएको बताउँदै उद्योग, कलकारखाना, होटल, निर्माण व्यवसाय र यातायात क्षेत्रबाट हुने प्रदूषण नियन्त्रण नगरेसम्म वातावरणीय समस्या समाधान हुन नसक्ने भएकाले निजी क्षेत्रले नाफामुखी सोंचसँगै सामाजिक उत्तरदायित्व वहन गर्दै वातावरणमैत्री प्रविधि प्रयोग गर्नुपर्ने, फोहोर पानी प्रशोधन, धुवाँ नियन्त्रण, प्लास्टिकको प्रयोग घटाउने र नवीकरणीय ऊर्जाको प्रयोग बढाउने जस्ता अभ्यास निजी क्षेत्रले अपनाउनुपर्ने गरी सबैले साथ दिनुपर्ने सुझाएका थिए ।

उनीहरुले पर्यावरण संरक्षणमा नागरिक समाज, गैरसरकारी संस्था र सञ्चारमाध्यमको भूमिका सचेतनामूलक हुने र उनीहरूले वातावरणीय समस्या उजागर गर्ने, नीतिगत कमजोरीमाथि प्रश्न उठाउने र नागरिकलाई जिम्मेवार बनाउने काम गर्ने, सञ्चारमाध्यमले तथ्यमा आधारित समाचार र खोजमूलक रिपोर्टिङमार्फत् वातावरणीय अपराध रोक्न दबाब सिर्जना गर्न सक्ने भएकाले ती क्षेत्रमा जोडिएका व्यक्तिले आफ्नो जिम्मेवारी बढाउनु पर्ने जनाए ।

'सबैभन्दा महत्वपूर्ण भूमिका आम नागरिकको हुन्छ । दैनिक जीवनशैलीमै सानो परिवर्तनले पनि वातावरण संरक्षणमा ठूलो योगदान पुऱ्याउन सक्छ । प्लास्टिकको प्रयोग घटाउने, फोहोर छुट्याएर व्यवस्थापन गर्ने, पानी र ऊर्जाको मितव्ययी प्रयोग गर्ने, वृक्षरोपण गर्ने र सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने जिम्मेवारी प्रत्येक नागरिकको हो,' उनीहरुको धारणा छ-'समग्रमा, वातावरण संरक्षण कुनै एक पक्षको काम होइन ।

राज्यको नीति, स्थानीय तहको कार्यान्वयन, निजी क्षेत्रको उत्तरदायित्व, नागरिक समाजको दबाब र आम नागरिकको सचेत व्यवहार एकआपसमा जोडिएर मात्र दिगो वातावरण संरक्षण सम्भव हुन्छ। आज जिम्मेवार बनिएनौं भने भोलि यसको मूल्य पुस्तौंले चुकाउनुपर्ने यथार्थलाई सबैले गम्भीरतापूर्वक बुझ्न आवश्यक छ।'

पर्यावरण संरक्षण समाज नेपालका अध्यक्ष गंगा पोखरेलको अध्यक्षता तथा उपाध्यक्ष अर्जुन ज्ञवालीको सञ्चालनमा भएको कार्यक्रममा सहभागीले आफ्नो क्षेत्रबाट गर्नुपर्ने जिम्मेवारीप्रति प्रतिबद्धता जनाएका थिए। उनीहरुले फोहरको प्रशोधन गरेर नै अघि बढ्नेगरी स्थानीय सरकारलाई घचघचाउनुपर्ने जनाएका थिए ।

# तीन दिने चित्रकला तथा फोटो प्रदर्शनी सुरु



पाल्पा । तानसेनको ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक पहिचानलाई उजागर गर्दै तानसेनलाई देश-विदेशमा पर्यटकीय गन्तव्यको रूपमा चिनाउने उद्देश्यसहित पाल्पा दरबार संग्रहालय परिसरमा चित्रकला तथा फोटो प्रदर्शनी सुरु गरिएको छ । तानसेन गुठी पाल्पाको आयोजनामा सुरु भएको यो प्रदर्शनी पुष ६ गतेदेखि ८ गतेसम्म सञ्चालन हुनेछ।

प्रदर्शनीमा तानसेनका ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक विषयवस्तु समेटिएका फोटो र चित्रकलाहरू राखिएका छन् । स्थानीय भाषा, कला, संस्कृति र भेषभूषालाई समेत चित्रकला तथा फोटो प्रदर्शनीमा महत्व पाएको छ। प्रदर्शनीले आन्तरिक तथा बाह्य पर्यटकलाई तानसेनप्रति आकर्षित गर्ने अपेक्षा आयोजक पक्षले गरेको छ।

फोटो प्रदर्शनी तथा चित्रकलाको अवलोकन गर्दै तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले यस्ता प्रदर्शनीले तानसेनको इतिहास, सभ्यता र पर्यटन सम्भावनालाई प्रचार-प्रसार गर्न महत्वपूर्ण भूमिका खेल्ने बताए । नगरप्रमुख श्रेष्ठले प्रदर्शनीले स्थानीय कला र संस्कृतिलाई संरक्षण गर्दै पर्यटनसँग जोड्दै नगरको आर्थिक गतिविधि चलायमान बनाउन सकिनेमा जोड दिए।

तानसेन गुठी काठमाडौंका अध्यक्ष जीवनज्योति बज्राचार्यले तानसेन केवल ऐतिहासिक शहर मात्र नभई जीवन्त संस्कृति बोकेको पर्यटन गन्तव्य भएको उल्लेख गरे। तानसेन पर्यटन समितिका संयोजक सागरमान महर्जनले यस्ता सिर्जनात्मक कार्यक्रमहरूले पर्यटकलाई लामो समयसम्म तानसेनमा बस्न प्रेरित गर्ने बताउँदै तानसेन नगरपालिकाले पर्यटन गतिविधिलाई प्रोत्साहन गर्ने कार्यक्रमहरुलाई सबै किसिमको सहयोग रहने प्रतिबद्धता जनाए।

तानसेन गुठी पाल्पाका अध्यक्ष शकुन्तला बज्राचार्यले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै पाल्पा मगरहरूको शासनकालदेखि सेन वंशीय शासकहरूले राज्य विस्तार गरेको इतिहास, राणाकालीन समयमा नेपालको प्रमुख प्रशासनिक केन्द्रका रूपमा रहेको तानसेनको गौरवशाली पहिचानलाई नयाँ पुस्तासम्म पुऱ्याउनु आवश्यक रहेको बताइन्। कार्यक्रमको सञ्चालन संस्थाका सचिव सञ्जयराज शाक्यले गरेका थिए। चित्रकला तथा फोटो प्रदर्शनीमार्फत् तानसेनको इतिहास, संस्कृति र प्राकृतिक सौन्दर्यलाई एकै स्थानमा प्रस्तुत गरिएकाले यसले पर्यटन व्यवसायमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

# सञ्चारकर्मी परियार उत्कृष्ट युवाबाट पुरस्कृत



बुटवल। रुपन्देहीका पत्रकार सुरेश परियार पुरस्कृत भएका छ्न। नेपाल जेसिजको ५२औं महाधिवेशनको अवसरमा उत्कृष्ट युवा पुरस्कार -२०२५ बाट उनी नगद, स्वर्ण पदक तथा सम्मान पत्रद्वारा सम्मानित भएका हुन् । जेसीजले विभिन्न विधामा सम्मान गर्दै आएको छ।

नेपाल भरिबाट छनोटमा परि प्रशासन तथा प्रचार क्षेत्रमा उल्लेखिय योग्दान पुऱ्याएको भन्दै एकल रुपमा नेपाल जेसीजको उद्घाटन सत्रमा परियार सम्मानित भएका हुन् । परियार विगत एक दशकभन्दा बढीदेखि निरन्तर पत्रकारिता गर्दै आएका छन् ।

# कागती बिक्री नभएपछि रस र चुक बनाइँदै

वालिङ । यहाँ उत्पादित कागती बिक्री नभएपछि किसानले विकल्पको खोजी गरेका छन् । स्याङ्जाको वालिङ नगरपालिकाका विभिन्न ठाउँमा व्यावसायिक रूपमा उत्पादन भएको कागतीको दानाले बजार नपाएपछि विकल्पका रूपमा कागती पेलेर रस तथा चुक नै बिक्री गर्ने अवस्थामा किसानहरू पुगेका हुन् ।

जाडो मौसममा कागती दानाको माग कम हुँदा बजारमा खपत हुन नसकेकाले बिग्रिन नदिनका लागि चुक बनाएको वालिङ-१४ स्थित न्यौपाने नर्सरी कृषि तथा पशुपालन फार्मका सञ्चालक प्रकाश न्यौपानेले बताए । व्यावसायिक रूपमा कागतीखेती गरेका न्यौपानेले झण्डै छ क्वीन्टल कागतीको दाना बिक्री गरे । उनले जाडो लागेसँगै बिक्री नभएको चार क्विन्टल कागतीबाट रस तथा चुक बनाएका हुन् ।

"कागतीको दाना बोटबाट दैनिक झर्न थाले, यता बजारमा खपत भएन", उनले भने-"दाना कुहाएर फाल्नुभन्दा विकल्पका रूपमा लामो समयसम्म रहने भएकाले चुक र केही समयसम्म रहने भएकाले रसको रूपमा परिणत गरी बिक्री गर्न थालेको छु ।"

कागतीको चुकको बजार माग राम्रो रहेकाले पनि वैकल्पिक विधि अपनाइएको हो। चुक प्रतिलिटर रु एक हजार ६०० का दरले बिक्री हुने गरेको छ। स्थानीय अगुवा किसान न्यौपानले जस्तै यस ठाउँमा रहेका अन्य किसानले पनि उत्पादन गरेका कृषिजन्य वस्तुले बजार नपाएपछि वैकल्पिक विधि अपनाएका छन् ।

वालिङ-१४ र भिरकोट नगरपालिका-९ का व्यावसायिक किसानले उत्पादन गरेको सागसब्जी, फलफूललगायत सामग्रीको आगामी दिनमा सहकारीमार्फत् सामूहिक रूपमा बजारीकरण गर्ने तयारीमा स्थानीय रहेका छन् ।

# विद्यार्थीलाई कालिकाको ११ लाख बढीको छात्रवृत्ति



बुटवल । देशकै अब्बल सामुदायिक विद्यालय कालिका मानवज्ञान माविले ६५औं वार्षिकोत्सवको अवसरमा ११ लाख रुपैयाँ बराबराको छात्रवृत्ति प्रदान गरेको छ । विद्यालयमा स्थापना भएका ६५ वटा अक्षयकोष र आन्तरिक स्रोतबाट ११ लाख रुपैयाँभन्दा बढी छात्रवृत्तिको रुपमा विद्यार्थीलाई प्रदान गरेको छ।

आइतबार सेक्टर १ रामनगरमा छात्रवृत्ति, पुरस्कार वितरण तथा सम्मान कार्यक्रमको आयोजना गरी ६५ शीर्षकका अक्षयकोषबाट १ सय १९ जना विद्यार्थी र नेपाल सरकारका विभिन्न निःशुल्क छात्रवृत्तिमा नाम निकालेका ८४ जना विद्यार्थीलाई पनि जनही २ हजारका दरले विद्यालय स्रोतबाट सम्मान तथा पुरस्कृत गरिएको छ।

विद्यालयमा आयोजित कार्यक्रममा शिक्षा विकास तथा समन्वय एकाई रुपन्देहीका प्रमुख विष्णु पन्थी, विद्यालयका प्रमुख शैक्षिक सल्लाहकार तथा पूर्व प्रधानाध्यापक बुटवल कालिका क्याम्पसका क्याम्पस प्रमुख घनश्याम पाठक, विद्यालयका पूर्व व्यवस्थापन समिति अध्यक्ष तथा सल्लाहकार होम गलामी, विद्यालयका प्रधानाध्यापक दिनेश थापासहित अक्षयकोष दाता, अन्य अतिथिहरुले सम्मान गरेका हुन्।

छात्रवृत्ति वितरण समितिका संयोजक शिक्षक शेरचन्द्र गिरीका अनुसार ९ लाख रुपैयाँ बराबरको छात्रवृत्ति वितरण गरिएको हो।

उत्कृष्ठ नतिजा ल्याउने विद्यार्थीसहित गरिब तथा जेहेन्दार विद्यार्थी, उत्कृष्ठ शिक्षक, पत्रकारसहितलाई सम्मान गरिएको संयोजक गिरीले जानकारी दिए। पत्रकारतर्फ बुटवल अनलाइनका ईन्द्र खत्रीलाई नगदसहित पुरस्कृत गरिएको हो।

यसको साथै रामबहादुर मीनकुमारी २० लाख रुपैयाँको अक्षयकोषबाट कक्षा १० को परीक्षामा उत्कृष्ट नतिजा ल्याउने १ जना विद्यार्थी र कक्षा १२ को नतिजामा सर्वोच्च अंक ल्याउने एक जना विद्यार्थीलाई ५०/५० हजार नगदसहित सम्मान कार्यक्रम सोमबार प्रदान गरिने संयोजक गिरीले जानकारी दिए। सोमबार करिव १ लाख ४० हजार रुपैयाँ बराबरको छात्रवृत्ति प्रदान गरिनेछ।

यसैबिच सोमबार अरुण पौडेल स्मृति अक्षयकोषअन्तर्गत आयोजना गरिएको ५ हजार मिटर विद्यालयस्तरीय खुल्ला दौड प्रतियोगिताको उपाधि पब्लिक मावि छपियाका विद्यार्थी उमेश बरैले जितेका छन् । उनले कुल १६ मिनेट ११ सेकेण्ड ६२ मिनि सेकेन्डमा उक्त दुरु पार गरी उपाधि जितेका हुन्। यस्तै कालिका मानवज्ञान माविका मिलन थापाले १८ मिनेट ५ सेकेण्ड ४९ मिनि सेकेण्डमा परा गर्दै द्वितीय भए।

जितेश्वरी माविका मोहन गुरुङ्गले १९ मिनेट २८ सेकेण्ड ७७ मिनी सेकेण्डमा दुरी पार गर्दै तृतीय स्थान प्राप्त गरेको विद्यालयका खेलकुद संयोजक ओमबहादुर सारुले जानकारी दिए।







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com